नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३

चलानी नं. ४०३

मितिः २०८३।०१।१५

ने.सं. ११४६

श्री गाउँपालिका (सवै),

श्री नगरपालिका (सवै),

श्री जिल्ला समन्वय समिति (सवै)।

**विषयः स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS) मा आ.व. २०८२/०८३ को विवरण प्रविष्टि गर्ने सम्बन्धमा ।**

साविकमा सञ्चालनमा रहेका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७; स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ र स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ बमोजिम हुँदै आएका स्व/मूल्याङ्कन सम्वन्धी कार्य स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS) मार्फत सम्पन्न हुने विदितै छ । सो सम्वन्धमा चालु आ. व. २०८२/०८३ को मूल्याङ्कनको कार्य शुरु गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु/गराउनु हुन निर्णयानुसार अनुरोध छ।

देहायः

१. गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली प्रयोगका लागि यस अघि मन्त्रालयले उपलब्ध गराएको युजर नेम (User Name) र पासवर्ड (Password) नै प्रयोग गर्ने ।

२. आ. व. २०८२/०८३ को स्वमूल्याङ्कन कार्य प्रारम्भ गर्न सक्ने गरी मिति २०८३।१।२१, सोमबार दिउँसो ११:०० देखि सुचारु हुने ।

३. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ मा तोकिएको प्रक्रिया अनिवार्य रुपमा पूरा गरी हरेक गाउँपालिका तथा नगरपालिकाले चालु आ. व. २०८२/०८३ को स्वमूल्याङ्कन कार्य प्रारम्भ गर्ने ।

१।१५

(दीपेश क्ट्टेल)

शाखा अधिकृत

**बोधार्थः**

श्री प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः आवश्यक व्यवस्थापन तथा समन्वय गर्नु/गराउनुहुन ।

श्री सूचना प्रविधि शाखाः सबै गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समितिमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४

E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

CamScanner